आज मिति २०७८।०५।२० गते आईतवार विहान ११:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | अनुपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | अनुपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृतस्तर सातौ | उपस्थित |
| २ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | उपस्थित |

## प्रस्तावहरु

१. अघिल्लो वैठकको समिक्षा
२. छानविन समितिको प्रतिवेदन सार्वजानिक गर्ने सम्बन्धमा ।
३. बेतना सिमसार संचालन सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं.१ः** नगर कार्यपालिकाको मिति २०७८।०५।१६ गतेको वैठकले गरेका निर्णय उपर समिक्षा गर्दा सबै निर्णयहरु कार्यान्वयन तहमा गएको पाईयो ।

**निर्णय नं.२ः** नगर कार्यपालिकाको मिति २०७८।०२।३१ को निर्णयानुसार बोयर बाख्रा खरिद र वितरण सम्बन्धमा छानविन गर्न गठित छानविन समितिले मिति २०७८।०५।०६ मा पेश गरेको बोयर बोका बाख्रा छानविन सम्बन्धी प्रतिवेदन, २०७८ नगरपालिकाबाट आवश्यक अध्ययन गर्दा समितिले प्राप्त गरेको तथ्य तथ्याङ्क, विषयसँग सम्बन्धित आवश्यक कागजात, सम्बन्धित सरोकारवालाहरुसँगको छलफल आदीको माध्यमबाट प्रतिवेदनको पेज नं. ५३ देखि ६२ सम्म उल्लेख भएका बुदाँ नं. १४.७ र १४.१२ मा उल्लेखित विषयहरु क्रमशः ग्रो अर्गानिक एग्रीकल्चर्स प्रा.लि. संखुवासभा नामको कम्पनी नक्कली भएको भन्ने आधार हेर्दा सम्बन्धित कम्पनीले कम्पनी रजिष्टारको कार्यालय काठमाण्डौमा दर्ता नं. १८५२४३/०७४/०७५ मा दर्ता भएको हुदाँ नक्कली हुने स्पष्ट आधार नभएको र विषयवस्तु भन्दा बाहिरका अन्य परियोजनाहरुको वारेमा उल्लेख गरेकाले ती बाहेकका अन्य तपशिल बमोजिमका निष्कर्श र सुझावहरुमा देखिएका भाषागत सुधार सहित कार्यपालिकाले साराँश अनुमोदन गरी सार्वजानिकीकरण गर्ने निर्णय गरियो ।

तपशिल

### बोयर बोका/बाख्रा छानबिन समितिको प्रतिवेदन, २०७८ मा उल्लेखित तपशिल बमोजिमका मूलभूत निष्कर्ष तथा सुझावहरु

समितिलाई प्राप्त तथ्य तथ्याङ्क, अभिलेख र बयानका आधारमा छानबिन समितिले बेलबारी नगरपालिकाको बोयर बोका/बाख्रा खरिद, आपूर्ति र वितरण प्रक्रियामा देहायको निष्कर्ष र सुझावहरु पेश गरेको छ ।

निष्कर्षहरु

१. मिति २०७७।११।२६ गते नगर कार्यपालिकाको वैठकले अष्ट्रेलियन शतप्रतिशत बोयर जातको बोका/बाख्रा खरिद सम्बन्धि नीतिगत निर्णय लिई मिति २०७७।१२।१४ गते सो सम्बन्धी टिप्पणी हुनु, मिति २०७७।१२।१७ गतेका दिन एक महिनाको म्याद दिएर टेण्डर आव्हान हुनु र मिति २०७८।०२।०३ गतेका दिन बेलबारी नगरपालिका र ग्रो अर्गानिक एग्रीकल्चर प्रा.लि. खादवारी-९ संखुवासभा बिच संझौता हुनु स्वाभाविक हो । तर मिति २०७८।०१।१६ गतेका दिन टेण्डर खुल्लाको मुचुल्का गरेको अवस्था देखि मिति २०७८।०२।१५ गते बोका बाख्रा वितरण गरेका दिनसम्म देशभरी र लगभग विश्वभरी कोरोना माहामारीका कारण बन्दाबन्दीको अवस्था थियो र आन्तरिक तथा हवाई उडान पनि बन्द भएको थियो । यस्तो विषम परिस्थितिमा छोटो समयमा बोयर बोका बाख्रा अष्ट्रेलियाबाट आउछ भन्ने कुरा विश्वास गरी बोका बाख्रा वितरण गर्नुले नगरपालिकाको कमजोरी भएको देखिन्छ ।
२. नगर प्रमुखको भनाई अनुसार गत वर्ष अष्ट्रेलियाबाट स्पेशिफिकेशन झिकाइ अध्ययन गरेको र त्यहाँबाट शतप्रतिशत बोयर जातका बोका बाख्रा ल्याउदा ८३ थान बोका बाख्राको मूल्य करीब १ करोड १० लाख

देखि १ करोड १२ लाख सम्ममा नेपालसम्म ल्याउन सकिने कुरा बुझेकाले आर्थिक वर्ष २०७७/०७८ को बजेटमा रु. १ करोड २५ लाख विनियोजन गरिएको । यदि नगरप्रमुखको तथ्यलाई मान्ने हो भने बोका बाख्रा नेपालसम्म आपूर्ति गर्दाको प्रति इकाइ मूल्य लगभग १ लाख ३५ हजार पर्न जान्छ । यसो गर्दा ठेकेदारलाई लगभग प्रति इकाइ १५ हजारका दरले कुल नाफा लगभग १२ लाख ४५ हजार हुन पुग्दछ । ठेक्का अनुसार सम्झौता गरिएको बोका बाख्रा ८३ थान हो तर बोका बाख्रा ९ थान बढी आपुर्ति भई जम्मा ९२ थान हस्तान्तरण भएका छन् । यस अवस्थामा प्रति इकाइ बोका बाख्राको औषत मूल्य रु. १,३५,०००*९ थान बराबर रु. १२,१५,०००।०० सम्भावित नाफाबाट कट्टा हुन गई ठेकेदारको नाफा लगभग ३० हजार मात्र हुने देखिन्छ ।त्यस माथि पनि बन्दाबन्दीको अवस्था, विदेश देखिको द्रुत ढुवानी र नेपालको एयरपोर्ट देखि बेलबारी सम्मको भाडाको हिसाब गर्दा ठेकेदारलाई घाटा हुने देखिन्छ । यस्तो तथ्याङ्कलाई विश्लेषण नगरि मिति २०७८।०२।१५ गतेका दिन सहर्ष ८३ थानको सट्टा ९२ थान अष्ट्रेलियन शतप्रतिशत बोयर जातका बोका बाख्रा ल्याइएको भनि स्विकार गर्न नगरपालिकाको नेतृत्वमा विवेकशिलता देखिएको मान्न सकिएन ।

३. बेलबारी नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतको भनाइ र नगर कार्यपालिकाको वैठकको निर्णयका आधारमा ठेकेदार कम्पनीले समयमा बोका बाख्राको जन्म प्रमाणपत्र, अष्ट्रेलियाबाट नेपाल सम्म बोका बाख्रा चार्टर गरेको प्लेन टिकट, बोका बाख्रालाई क्वारेन्टाइनमा राखेको प्रमाण, बोका बाख्रा आयत गर्दाको भन्सार प्रमाणपत्र पेश नगरेको कारण ठेक्का रकम ठेकेदार कम्पनीलाई भुक्तानी नगरेको र शर्त उल्लङ्घन गरेको ठहरको आधारमा कारवाही स्वरुप कम्पनीले ठेक्का वापत राखेको जमानत रकम जफत गरी ठेकेदार कम्पनीलाई कालोसूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गरिएको तर्क गरेको छ । यदि राजनैतिक दलहरु, यूवा समुह, पत्राकार र नागरिक समाजले विरोध नगरेको भए ठेकेदार भनिएको कम्पनीले बोयर बोका बाख्राको नक्कली जन्म प्रमाणपत्र, बोका बाख्राको चार्टर गरेको प्लेन टिकट, क्वारेन्टाइनको प्रमाण र भन्सार प्रमाणपत्र पेश गरि नगरपालिकाले त्यस्ता नक्कली काजगातलाई स्वीकार गरि ठेकेदार कम्पनीले ठेक्काको रकम भूक्तानी लिने सम्भावना नकार्न सकिएन ।

४. कुनैपनि कार्यक्रमको नीतिगत निर्णय गरि सो को कार्यान्वयन गर्ने उत्तरदायित्व कर्मचारी संयन्त्रको हो । बोका बाख्रा खरिद प्रक्रियामा कर्मचारी संयन्त्रका शुरु देखि अहिलेसम्म लेखिएका पत्र तथा सूचना र अन्य आवश्यक कागजातहरुमा देखिएका त्रुटिहरुलाई अध्ययन गर्दा कर्मचारी संयन्त्रको र प्रमुख प्रशासकीय अधिकृतको कार्य सम्पादन क्षमता राम्रो भएको मान्न सकिएन ।

५. नगर प्रमुखको पदिय हैसियत कार्यकारी हो । नगरपालिकाले गरेका सम्पूर्ण कामको जस अपजसको पहिलो भागीदार पनि नगरप्रमुख नै हुन्छन । विधिपूर्ण र प्रक्रियागत ढंगले गरिएका कामहरु विश्वसनीय र पारदर्शि हुन्छन । नगर प्रमुखबाट ठेकेदार कम्पनीसँग कुनै सरोकार नभएको अमुक व्यक्तिलाई चाहिने भन्दा बढी विश्वास गरि प्राप्त बोका बाख्रा हतारमा वितरण गरिएको हुदाँ वितरण प्रक्रियामा त्रुटि देखिएकोले यसको जिम्मेवारी नगर प्रमुखले लिनु पर्ने देखिन्छ ।

६. यस प्रकरणमा बारम्बार नगर प्रमुख, श्यामराज पाण्डे, सुदिप कुमार चौधरी र विजय तामाङ्ग जोडिएको देखिन्छ । यस कार्यमा श्यामराज पाण्डे, सुदिप कुमार चौधरी र विजय तामाङ्गको आर्थिक लगानी भएको देखिन्छ । श्यामराज पाण्डेले बोका बाख्रा खरिदको बाहीरी व्यवहार मिलाउने र सुदिप कुमार चौधरीले आन्तरिक व्यवस्थापनको काम गर्ने भनि दुबै आपसी समझदारी भई कार्य गरेको देखिन्छ । यहि क्रममा विजय तामाङ्ग यस प्रकरणमा जोडिएका छन । यसमा कानूनी प्रक्रियालाई टेकेर दलाल र विचौलियाको

सन्जाल खडा भएको देखिन्छ । यसरी नगरपालिकाले दलाल र विचौलियाहरुको सन्जालमा जोडिनु शोभनीय हुन सक्दैन ।

७. नीति तथा कार्यक्रम अन्तर्गतको बोका बाख्रा खरिद तथा वितरण कार्यक्रमको कार्यान्वयनको विषयमा नगर उप प्रमुख श्री ढाका कुमारी पराजुलीले चासो नराखु, आफु बेखवर छु भन्नु, कार्यपालिकाले निर्णय गरि गठन गरेको छानबिन समितिमा नेतृत्व लिन अनिच्छा जाहेर गर्नु वा सो समितिबाट राजीनामा दिनु, बोका बाख्रा वितरणमा अनुमगन नगर्नु र चालु आ.व.को नीति तथा कार्यक्रममा बोयर बोका बाख्रा कार्यक्रमलाई निरन्तरता दिने गरि नगर विकास योजना तर्जुमा नगर्नु जस्ता विषयलाई सामान्य मान्न सकिएन । बोयर बाख्रा प्रकरणमा उप प्रमुखको कार्यसम्पादन क्षमता संतोषजनक मान्न सकिएन ।

८. बेलबारी नगरपालिकाले आ.व. २०७६/०७७ को नीति कार्यक्रम र बजेटमा बोयर बोका बाख्रा खरिद तथा वितरण शिर्षकमा त्यति नै बजेट विनियोजन गरिएको थियो । सो अवधिमा ठेक्काको सूचना प्रकाशित भएर पनि ठेक्का लाग्न सकेन । आ.व. २०७७/०७८ को नीति कार्यक्रम र बजेटमा उक्त कार्यक्रमलाई निरन्तरता दिइयो र ठेकेदार कम्पनीले संझौता उल्घङ्गन गरेको कारण संझौता रद्द गरियो तथा कारवाही प्रक्रिया अगाडी बढाइयो । यसबाट उक्त शिर्षक वापतको बजेट खर्च हुन सकेन । यद्यपी कृषक र कृषक समुहका लागी यो कार्यक्रम लोकप्रिय नै छ । यस अवस्थामा बोयर बोका बाख्रा खरिद कार्यक्रमले आर्थिक वर्ष २०७८/०७९ मा नगरपालिकाको बजेटमा स्थान पाउन सकेन । यसरी यो कार्यक्रमले चालु आ.व.मा किन निरन्तरता पाउन सकेन भन्ने प्रश्न अनुत्तरित छ ।

९. बोयर बोका बाख्रा प्रकरणको विवाद चरमउत्कर्षमा पुगेका बेला नगरसभामा एकजना जनप्रतिनिधिले पनि बोयर बोका बाख्राको विषयमा प्रश्न नउठाउनु, आलोचना नगर्नु चासो नराखु जनप्रतिनिधिहरु विषय प्रति गम्भिर नभएको देखिन्छ ।

१०. बोयर बोका बाख्रा अनुदानमा वितरण गरिने प्रयोजनको लागि नगरपालिकासँग कार्यविधि भएतापनि कार्यविधिले तोकेको प्रक्रिया अबलम्बन गरेको देखिएन । मिति २०७८।०२।१२ गतेका दिन नगरपालिकाले वडा समितिलाई पत्राचार गरि बोका बाख्रा बुझ्न आउने जानकारी दिइयो । वडा समितिले पनि आफ्नो वडाको भागमा परेका बोका बाख्रा कुन कुन किसानलाई दिने भन्ने निर्णय गरि सोही बमोजिम बाख्रा बुझेको देखिन्छ । कार्यविधि संशोधन गरेर वितरण प्रक्रियालाई विवादरहित बनाउन सकिने भएतापनि कोरोना कहरको दोश्रो माहामारीलाई कारण जनाइ उम्कने प्रवृतिलाई सामान्य मान्न सकिएन ।

११. प्रचलित सार्वजानकि खरिद ऐन तथा नियमावली अनुसार कुनै वस्तुको आपुर्ति वा दाखिला भएपछि प्रयोगमा जानु अघि ठेक्का आव्हान गर्दा स्वीकृत गरेको स्पेशिफिकेशनले उल्लेख गरेको वस्तुको ओरिजिन, गुणस्तर, प्रकृति, तौल, उचाई, लम्बाइ, रङ्ग, संख्या आदी जनाउनु पर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले यी प्रक्रियाहरु अबलम्बन गर्न बाकी रहेको देखिन्छ ।

**<u>सुझावहरु</u>**

तथ्यको विश्लेषण र मूल्याङ्कनको आधारमा यस छानबिन समितिले बेलबारी नगरपालिकालाई देहाय बमोजिमको सुझावहरु प्रस्तुत गर्दछः

१. बेलबारी नगरपालिकाले संचालन गर्ने कुनैपनि योजनाको कार्यान्वयन गर्दा प्रचलित सार्वजानिक खरिद ऐन र नियमावली अनुसार कार्य गर्नु गराउनु पर्ने ।

२. बोलपत्रको मूल्याङ्कन सिफारिस र कार्यदिश गर्दा प्रचलित सार्वजानिक खरिद ऐन तथा सार्वजानकि खरिद नियमावलीले व्यवस्था गरेका दफा, उपदफा अनुसार बोलपत्र अयोग्य भएमा ठेक्का आवेदन रद्द गर्न सक्ने र पुनः बोलपत्र आव्हान गर्ने ।

३. कर्मचारीहरुको कार्यसम्पादन क्षमतामा अभिबृद्धि गर्न आवश्यक प्रवोधिकरण, अभिमुखिकरण र तालीमको व्यवस्था गर्नु पर्ने ।

४. सार्वजानिक खरिद र विकास निर्माण कार्यलाई नियम संगत पारदर्शि र होसीयारी पूर्वक ढंगले गर्नु गराउनु पर्ने ।

५. अनिधकृत व्यक्तिहरुको प्रभावमा परी गलत विषयको ढाकछोप हुने गरी बेलबारी नगरपालिकालाई पत्राचार गरि भ्रमपूर्ण जानकारी दिने कावासोती नगरपालिकाका पशु सेवा केन्द्र अग्यौलीका अधिकृत श्री बुद्धि बहादुर देउजालाई पद अनुसारको आचरण नगरेको भनि विभागीय कारवाहीको लागी कावासोती नगरपालिकालाई पत्राचार गर्ने ।

६. बेलबारी पशु विकास शाखाका शाखा प्रमुख बाबुराम बस्नेतलाई पदीय जिम्मेवारी निर्वाह गर्न नसकेको देखिएको हुदाँ पदीय जिम्मेवारी प्रति सजग गराउने ।

७. बोलपत्र मूल्याङ्कन गरि स्वीकृतको लागि सिफारिस गर्ने मूल्याङ्कन समिति र आमन्त्रित कर्मचारीहरुलाई निजहरुले गरेको त्रुटिको लागि सजग गराउने ।

८. मूल्याङ्कन समितिको प्रतिवेदन गम्भीरताका साथ अध्ययन गरि अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई सजग गराउने ।

९. नगरपालिकाको जनप्रतिनिधिहरु उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यहरु नगरपालिकाले संचालन गरेका कार्यक्रमहरुको सम्बन्धमा बेखवर हुनु, जिम्मेवारी वोध नहुनु, छलफलमा सहभागी नहुनु, कर्तव्यवोध नहुनु जस्ता कुराले गर्दा आफ्नो कर्तव्यप्रति सजग र सचेत हुनु पर्ने ।

१०. छानबिन समितिलाई कतिपय वडाध्यक्षहरुले छानबिन कार्यमा समय दिन नसकेको हुदाँ आगामी दिनमा यस्ता प्रवृतिलाई पुनरावृत्ती हुन नदिने ।

११. बेलबारी नगरपालिकाका नगर प्रमुखले आगामी दिनमा कानूनी प्रक्रियालाई विधिसम्मत ढंगबाट कार्यान्वयनमा लैजान प्रतिबद्धता जनाउनु पर्ने । अनाधिकृत व्यक्तिहरुसँग कार्यालय भन्दा बाहिर अन्य ठाउँमा अनावश्यक भेटघाट गर्न नहुने ।

१२. साझेदारीमा रहेका कुनैपनि व्यक्तिलाई कानूनले अनुमति दिएको अवस्थामा बाहेकका नगरपालिकाको काममा समावेश गर्न नहुने ।

१३. नगरपालिकाले कुनैपनि वस्तु वा सामानको खरिद गर्दा स्पेशिफिकेशनले तोकेको ओरिजिन, गुणस्तर, प्रकृति, तौल, उचाई, रंङ्ग, संख्या, आकार परिक्षण नगरि वा दुरुस्त नभएको अवस्थामा स्वीकर नगर्ने वा प्रयोग नगर्ने ।

१४. बेलबारी नगरपालिकाको कार्यालय नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई बोका बाख्रा प्रकरणमा श्यामराज पाण्डे, सुदिप कुमार चौधरी र विजय तामाङ्गले विना आधार र प्रमाण आरोप लगाइ मानहानी गरेको हुदाँ निजहरु उपर अदालतमा मानहानीको मुद्धा चलाउनु पर्ने ।

१५. बेलबारी नगरपालिकाको नगर प्रमुखको सचिवालय तथा सूचना शाखाबाट प्रसार तथा प्रकाशन हुने सूचनाहरु प्रभावकारी रुपमा जनसमक्ष नपुगेको हुदाँ आगामी दिनमा त्यस्ता सूचनाहरु समयमा नै अध्यावधिक गरी प्रभावकारी बनाउनु पर्ने ।

**निर्णय नं.३**ः छानबिन समितिको प्रतिवेदन २०७८ को निष्कर्श र सुझावहरुलाई मध्यनजर गर्दै जनप्रतिनिधि र कर्मचारी संयन्त्रले आगामी दिनमा आ-आफ्नो भूमिका, जिम्मेवारी, उत्तरदायित्व र कर्तव्यप्रति थप सचेत र सजग भई भूमिका निर्वाह गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.४**ः श्री बेतना सिमसार सामुदायिक वन उपभोक्ता समुहले मिति २०७८।५।२० मा दिएको निवेदन बमोजिम कोभिड-१९ को महामारीको कारण भएको बन्दाबन्दीले विगत लामो समय देखि बेतना सिमसार बन्द रहेकोले कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य मापदण्ड पुरा गरि संचालन गर्न अनुमति माग गरेको हुदाँ सो मापदण्ड पुरा गरि संचालन गर्न अनुमति दिने निर्णय गरियो ।